आज मिति २०८२ साल चैत्र ११ गते बुधबार बिहान ८:०० बजे यस जहदा गाँउपालिका अध्यक्ष श्री जितेन्द्र प्रसाद साह ज्यूको अध्यक्षतामा बसेको गाँउकार्यपालिकाको बैठकमा निम्न बमोजिमको पदाधिकारीहरुको उपस्थिति रहयो।

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जितेन्द्र प्रसाद साह | गाँउपालिका अध्यक्ष | |
| २ | श्री हन्ना सोरेन | गाँउपालिका उपाध्यक्ष | |
| ३ | श्री बाबुराम राजबशी | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री चन्द्र शेखर कुमार साह | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री अनिल कुमार ठाकुर | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री शिव शंकर गामी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मुन्सि मुर्मु | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री सुर्यान्नद मण्डल | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवान मरण्डी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री ज्योति कुमारी मण्डल | कार्यपालिका सदस्य | |
| ११ | श्री तेतरी कुमारी राजभर | कार्यपालिका सदस्य | |
| १२ | श्री सुर्जा देवी पासमान | कार्यपालिका सदस्य | |
| १३ | श्री सरिता देवी सरवरिया | कार्यपालिका सदस्य | |
| १४ | श्री महेन्द्र प्रसाद मण्डल | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी प्रसाद मण्डल | कार्यपालिका सदस्य | |
| १६ | श्री रोशन कुमार गुप्ता | सदस्य सचिव | |
| | बैठक व्यवस्थापन कर्मचारीः | | |
| १ | श्री गजेन्द्र भुजेल | अधिकृत सातौं (प्रशासन) | |

प्रस्ताव तथा निर्णयहरुः-

प्रस्ताव नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

निर्णयः- अघिल्लो बैठकको समिक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक भएको पाइयो।

प्रस्ताव नं. २ आ.व. २०८३/०८४ को लागि प्रदेश समपुरक अनुदानको योजना छनौट सम्बन्धमा ।

निर्णय नं. २:- कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, योजना तथा अनुगमन शाखा, विराटनगर, मोरङको च.नं. ८८२, मिति २०८२/११/२८ को पत्रबाट आगामी आर्थिक वर्ष ०८३/०८४ मा प्रदेश समपूरक अनुदानबाट यस जहदा गाउँपालिकामा सञ्चालन हुनका लागि कोशी प्रदेश समपूरक सञ्चालन कार्यविधि, २०८१ मा उल्लेख भए बमोजिम मन्त्रालयबाट ६०% र गाउँपालिकाबाट न्यूनतम ४०% लागत सहभागिता रहने गरी कार्यविधिको दफा ३ को उपदफा (२) मा तोकीए बमोजिम देहाय बमोजिमका योजनाहरु माग गरि पठाउने निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कोशी प्रदेश समपूरक अनुदान माग ६०% रकम रु. | गाउँपालिकाको लागत सहभागिता ४०% रकम रु. | जम्मा लागत रकम रु. |
|---|---|---|---|---|
| १ | जनताबाल आ.वि. देखि उत्तर सिंघीया झोलुङ्गे पुलसम्म जाने सडक कालोपत्रे, जहदा-१ | १,२०,००,०००।- | ८०,००,०००।- | २,००,००,०००।- |
| २ | २ नं. वडा कार्यालय देखि राजभर चौकसम्म जाने सडक कालोपत्रे, जहदा-२ | १,२०,००,०००।- | ८०,००,०००।- | २,००,००,०००।- |

प्रस्ताव नं. ३ आ.व. २०८३/०८४ को लागि शहरी विकास मन्त्रालयमा योजना छनौट सम्बन्धमा ।

निर्णय नं. ३:- शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगको च.नं.११८९, मिति २०८२/१२/०५ को पत्रबाट आगामी आर्थिक वर्ष ०८३/०८४ को वार्षिक कार्यक्रमको लागि मन्त्रालयको आयोजना बैंकमा प्रविष्ट गर्नका लागि योजना माग भएकोले यस जहदा गाउँपालिकाको केन्द्रमा पुरानो चोकको रुपमा अवस्थित लक्ष्मिनियाँ चोकलाई सौन्दर्यकरण (सडक निर्माण तथा पार्क निर्माण) गर्नका लागि योजनाको नाम "लक्ष्मिनियाँ चोक सौन्दर्यकरण, जहदा-५" रहने गरी सो योजनाका लागि रु. ११,००,००,०००।- (अक्षरेपी रु. एघार करोड) माग गर्ने प्रस्ताव पेश गर्ने साथै सो योजना सञ्चालन हुने स्थान वनको अधिकार क्षेत्र भित्र नपर्ने र उक्त योजना सञ्चालन हुँदा कुनै प्रकारको विवाद नहुने प्रतिवद्धता समेत जाहेर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ आ.व. २०८२/०८३ को दोश्रो चौमासिक आय र व्ययको समिक्षा सम्बन्धमा ।

निर्णय नं. ४ आ.व. २०८२/०८३ को दोश्रो चौमासिकको आय र व्यय विवरण तपसिल बमोजिम सम्बन्धी कार्यपालिकामा समिक्षा गरियो ।